बैठक संख्या :- ५७
मिति :- २०७६।०५।०१ (आईतवार)
समय :- दिनको : २.०० वजे

कमलामाई नगरपालिका नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री खड्ग बहादुर खत्री ज्यूको अध्यक्षतामा बसी देहाय वमोजिम निर्णय भयो ।

| | |
|---|---|
| श्री खड्ग बहादुर खत्रि | - नगर प्रमुख |
| श्री मंजु देवकोटा | - नगर उप-प्रमुख |
| श्री महेशराज खतिवडा | - वडा अध्यक्ष १ |
| श्री नवराज थिङ | - वडा अध्यक्ष २ |
| श्री खड्ग प्रसाद चौलागाँई | - वडा अध्यक्ष ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | - वडा अध्यक्ष ४ |
| श्री पुर्ण बहादुर खडका | - वडा अध्यक्ष ५ |
| श्री उज्ज्वल कुमार थापा | - वडा अध्यक्ष ६ |
| श्री कर्ण बहादुर घिसिङ | - वडा अध्यक्ष ७ |
| श्री टिका बहादुर मुक्तान | - वडा अध्यक्ष ८ |
| श्री देवराज पौडेल | - वडा अध्यक्ष ९ |
| श्री रामहरि ढुङ्गेल | - वडा अध्यक्ष १० |
| श्री राम बहादुर थिङ | - वडा अध्यक्ष ११ |
| श्री ललित बहादुर आले | - वडा अध्यक्ष १२ |
| श्री किरण माझी | - वडा अध्यक्ष १३ |
| श्री जितलाल अधिकारी दनुवार | - वडा अध्यक्ष १४ |
| श्री शिव कुमारी रायमाझी | - महिला सदस्य |
| श्री कान्ता ढकाल | - महिला सदस्य |
| श्री रुद्र कुमारी कार्की | - महिला सदस्य |
| श्री पदम कुमारी बस्नेत | - महिला सदस्य |
| श्री सुनिता सार्की | - महिला सदस्य |
| श्री केशर बहादुर नेपाली | - दलित / अल्पसंख्यक सदस्य |
| श्री झौला अधिकारी दनुवार | - दलित / अल्पसंख्यक सदस्य |
| श्री नरेश वि.क | - दलित / अल्पसंख्यक सदस्य |
| श्री पुरुषोतम सुवेदी | - प्रमुख प्रसशाकिय अधिकृत ( सदस्य सचिव) |

**निर्णय नं. १** :- कमलामाई नगरपालिका- ६ निवासी राजकुमार श्रेष्ठले पेश गरेको निवेदन अनुसार कमलामाई नगरपालिका वडा नं.११ कोलडाडा (रानीचुरी) मा रहेको जग्गा प्रति कट्ठा रु.१५००००।- (एक लाख पचास हजार) मूल्यांकन कायम गरी दिने निर्णय गरियो ।

**निर्णय नं. २** :- आन्तरिक श्रोत संकलन कार्यविधि, २०७५ मा व्यवस्था भए अनुसार कार्यपालिका सदस्य मध्येंबाट १ जना श्री शिव कुमारी रायमाझी लाई समितिको सदस्य तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ३** :- आर्थिक बर्ष ०७६/७७ मा कमलामाई नगरपालिकाबाट ठेक्का पट्टा लगायतका विभिन्न सूचनाहरु प्रकासन गरिएकोमा आजको बैठकमा जानकारी भयो ।

**निर्णय नं. ४** :- विश्व किर्तिमानी मनोज चन्दलाई आर्थिक सहायता बापत रु.३००००।- (तिस हजार) उपलब्ध गराईएकोमा समर्थन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**:- मिति २०७६ ।०४।०५ गते पर्न गएको चट्याङवाट कमलामाई नगरपालिका वडा नं. ८ निवाससुनमाया घलान परिवार का तिनजना घाईत भएको हुँदा उपचार गर्नको लागि रु.१५०००।- (पन्ध्र हजार) आर्थिक सहयोग उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६** :- चालु आ.व.को श्रावण महिना देखि कमलामाई नगरपालिकाको सबै वडाहरुमा अनलाईन सेवा शुरु गरिएकोमा कतिपय वडाहरुमा हालको सेवा राम्रो संग संचालन नभएको हुदा ईन्टरनेट सेवालाई द्रुत गतिमा संचालन गर्नको लागि फाईवर विच्छाउन सम्भाव्यता अध्ययन (डि.पि.आर.) गर्न रु.७०००००। सात लाख विनियोजन गरि प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

**निर्णय नं. ७** :- आर्थिक बर्ष ०७६।७७ मा विषयगत कार्यक्रमहरुको स्वीकृत वार्षिक कार्यक्रम भित्र रही संलग्न विवरण अनुसारका कृयाकलापहरु स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८** :- शसस्त्र प्रहरी वल जिल्ला सुरक्षा वेस सिन्धुलीलाई ट्रस निर्माणको लागि रु.४०००००।-(चार लाख) उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ९** :- उमानाथ शास्त्री सिन्धुलीय साहित्यिक प्रतिष्ठान क.न.पा.४ ले २०६ औं भानु जयन्ति को अवसरमा साहित्यिक कार्यक्रम संचालन गरी पेश भएको निवेदन अनुसार रु.२५०००।-
(पच्चीस हजार) आर्थिक सहयोग उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १०** :- कमलमाई नगरपालिका वडा नं.६ मा प्रतिक फाईवर व्याग उद्योग संचालन गर्नको लागि रंगिन मेसिन चलाउन तालीम दिने नेपालमा दक्ष जनशक्ति नभएको र भारतको गुजरात प्रान्तमा गई तालीम लिन आर्थिक सहयोग माग भई आएकोले रु.५००००। पचास हजार उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ११** :- गत श्रावण महिनाको २५, २६ र २७ गते भएको अविरल वर्षाको कारणले यस नगरक्षेत्र भित्र भएको भौतिक क्षतिहरुको लगत संकलन भै जिल्ला प्रशासन कार्यालयमा पेश गरिइसकेको र उक्त क्षति पुनरनिर्माण तथा पुनरस्थापना गर्न नगरपालिकालाई थप ३,००,००,०००।– (तीन करोड मात्र ) आवश्यक हुने भएकोले सो रकम ३ नं. प्रदेश सरकार समक्ष माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२** :- कमलामाई नगरपालिकाबाट तयार गरिएको निःशुल्क स्वास्थ्य विमा सम्वन्धी कार्यविधि २०७६ स्वीकृत गरियो साथै उक्त कार्यविधिको छनोट समितिको सदस्यमा कार्यपालिका सदस्य श्री सुनिता सार्की लाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं. १३** :- कमलामाई नगरपालिका बाट आ.व.०७६।७७ मा संचालन हुने रु. १ लाख मुनिका योजनाहरु वडा कार्यालयको सिफारिसमा नगर प्रमुखज्यूको तोक आदेशबाट अन्तिम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १४** :- कमलामाई नगरपालिकाबाट आ.व.०७६।७७ मा नगर प्रमुखको तोक आदेशबाट छनोट भएका योजनाहरु रु.१ लाख सम्मका योजनाहरु खाता संचालन नगरी वडा कार्यालयको कार्यसम्पन्नता सिफारिसका आधारमा नगर प्रमुख सोझै उपभोक्ता समितिका अध्यक्षलाई भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५** :- कमलामाई नगरपालिका वडा नं.९ अन्तरगत जनविकास प्रा.वि.सुविधानगर जनजागृति स्कुलमा मर्ज भएको हुदा उक्त प्रा.वि.को जग्गामा १५ शैयाको अस्पताल स्वीकृतिको लागि नेपाल सरकार स्वास्थ्य मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६** :- नेपाली महिलाहरुको महान चाड हरितालीका तिज सबै वडाहरुमा भव्य रुपमा मनाउनको लागि रु.१५०००।- (पन्ध्र हजार) का दरले प्रत्यक वडा कार्यालयलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय न.१७** : कमलामाई नगरपालिका वडा नं.४ गहते निवासी दिपा वैजुको मिति ०७६।०४।२१ गते चटयाङबाट भौतिक सामाग्रीहरु क्षति हुन गएको हुदा रु.५००००।- (पचास हजार) राहात स्वरुप आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१८** :- कमलामाई नगरपालिका वडा नं.६ निवासी सुव्वा मुक्तान र क.न.पा.४ निवासी ज्वाला देवकोटा विगत लामो समय देखि क्यान्सरको उपचार गराउदै आएको हुदा प्रतिव्यक्ति रु. ५००००।- (पचास हजार) का दरले आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १९**:- कमलामाई नगरपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुलाई स्थानीय प्रोत्साहन सुविधा प्रदान गर्ने समवन्धी कार्यविधि, २०७६ स्वीकृत गरियो ।

**निर्णय नं. २०:-** शारदा यूमेन्टस म्यानेजमेन्ट एण्ड एडभरटाईजिङ एजेन्सीले पेश गरेको निवेदन अनुसार तिज फेस्टिवल र म्यूजिकल ईभेन्ट कार्यक्रम संचालन गनृको लागि रु. ५००००।- पचास हजार उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२१ :-** मिति ०७६ श्रावण २७ र भाद्र १ गते बसेको घर बहाल कर लगत कट्टा समितिको सिफारिस अनुसार तपसिलमा उल्लेखित घर बहालकर तिर्ने व्यक्तिहरुको घर बहाल कर संशोधन गरी निम्नानुसार कायम गर्ने निर्णय गरियो ।

१. आशादेवी पंजियार क.न.पा.६ बजार घर पुन निर्माण भईरहेकोले बहाल कर नलिने ।
२. डा.रेवतीमान श्रेष्ठ, क.न.पा.४ वार्षिक बहाल कर रु.१२००००। एक लाख विस हजार
३. मैया थापा क.न.पा.६ को कुनै कोठा भाडामा नलागेको हुदा कर नलिने ।

मिति २०७६।५।१ गते बसेको नगर बोर्ड बैठकको निर्णय नं १८ मा कर्मचारी प्रोत्साहन सम्बन्धी निर्णय कर्मचारीहरु बिच भएको विभेद र नगरवासीको हितविपरीत भएको हुँदा यस निर्णय प्रति हाम्रो पूर्ण रुपमा असहमति छ ।

मञ्जिरा खतिवडा क.न.पा. १
महेन्द्र प्रसाद ढकाल क.न.पा. ४
उज्जल कुमार थापा क.न.पा. ६
किरण माझी क.न.पा. १२
पूर्ण बहादुर खड्का क.न.पा. ५
कान्ता ढकाल क.न.पा. ९